

प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) जनकपुरधाम, नेपाल, असोज १२ गते, २०८३ साल (संख्या ५

भाग ३

मधेश प्रदेश सरकार

मधेस प्रदेश सभा

मधेश प्रदेश सभा सदस्यको असामयिक निधनको सूचना प्रकाशन

सम्बन्धमा

यस मधेश प्रदेश सभा, रौतहट जिल्ला फतुवाविजयपुर न.पा.-०५ बस्ने माननीय जैनब खातुन नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित भई मधेश प्रदेश

सभा सदस्यको रुपमा रहनुभएकोमा मिति २०८३ साल भाद्र ३१ गते बुधबारका दिन असामयिक निधन भएकोमा मधेश प्रदेश सभा उहाँको असामयिक निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ साथै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलको कार्यालयको प.स. २०८३/०८४, च.नं. २७ मिति २०८३/०६/०२ गतेको प्राप्त पत्रानुसार नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अन्तरर्गत निर्वाचित माननीय सदस्यको निधन भएको जानकारी प्राप्त भएको हुदाँ नेपालको संविधानको धारा १८० का (च) तथा मधेश प्रदेश सभा नियमावली, २०८२ को नियम १९९ बमोजिम उक्त प्रदेश सभा सदस्यको पद रिक्त भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

स्वीकृत मितिः २०८३/०६/१२

आज्ञाले,
बासु प्रसाद कोइराला
सचिव
मधेश प्रदेश सभा, जनकपुरधाम

गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेशबाट प्रकाशित